**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टङ्गाल, काठमाडौं**

मिति: २०८२।०८।१० गते।

# प्रेस विज्ञप्ति

## विषय: <u>आरोपपत्र दायर गरिएको।</u>

त्रिभुवन विश्वविद्यालय क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय पूर्वाञ्चल, विराटनगरको सह-परीक्षा नियन्त्रक डिल्लिराम प्रसाईले आफूसँग नभएको योग्यता पिएचडी (विद्यावारिधि) पाएको भनी विवरण पेश गरी लाभ लिएको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा त्रिभुवन विश्वविद्यालय, रजिष्ट्रारको कार्यालय, कीर्तिपुर काठमाडौंले सह-परीक्षा नियन्त्रक छनोट समितिको सूचना गोरखापत्र दैनिकमा मिति २०८१।०५।१७ गते पहिलो पटक ७(सात) दिनको म्याद राखी प्रकाशन गरेकोमा मिति २०८१।०५।२२ गते पुनः दोस्रो पटक ७ (सात) दिनको म्याद थप गरिएको सूचना प्रकाशन गरेको देखिएको, उक्त अवधीमा क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय विराटनगरको लागि चाहिने १ (एक) जना सह-परीक्षा नियन्त्रकको लागि ६ जना आवेदकले दरखास्त पेश गरेको देखिएको, मिति २०८१।०५।११ गते नै पद्म कन्या कयाम्पसमा कार्यरत प्रा.डा. जया लक्ष्मी प्रधान, त्रि.वि. रसायन शास्त्र विभागमा कार्यरत प्रा.डा. मोतिलाल शर्मा र प्रा.डा. मेघराज पोखेल रहने गरी तीन सदस्यीय छनोट समिति गठन गरी सह-परीक्षा नियन्त्रक छनोट गरी नियुक्तिका लागि सिफारिस गर्ने जिम्मेवारी दिएको देखिएकोमा निज प्रतिवादी डिल्लीराम प्रसाईले मिति २०८१।०५।२६ गते सह-परीक्षा नियन्त्रक पदमा आवेदन दिई विद्यावारिधि वापतको अंकसमेत प्राप्त गरी अन्तिम नामावलीको १(एक) नम्बरमा सिफारिस भई त्रि.वि. रजिष्ट्रारबाट मिति २०८१।०८।१८ गते क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय विराटनगरको लागि सह-परीक्षा नियन्त्रक पदमा मिति २०८१।०८।१९ गतेदेखि लागू हुने गरी नियुक्ति लिन सफल भएको देखिएकोमा देहाय अनुसारको बदनियतपूर्वक कार्य भए गरेको।

क) मिति २०८०।०९।०५ गते डीन प्रा.डा. कुशुम शाक्यको अध्यक्षता अनुसन्धान समितिको बैठकमा विद्यावारिधिको अन्तिम मौखिक परीक्षा (Final Viva Voce) मा डिल्लीराम प्रसाई सहभागी भएको देखिए तापनि निज डिल्लीराम प्रसाईले पेश गरेको शोध पत्रलाई कम्तिमा ६ महिना लगाएर परिमार्जन गरी डीनको कार्यालयमा पेश गर्ने निर्णय भएकोमा निज डिल्लीराम प्रसाईले मिति २०८०।०९।०५ गते शोध पत्र प्रस्तुत गरे पनि परिमार्जनको लागि स्थगन (Pending) मा रहेको देखिएको।

ख) सह-परीक्षा नियन्त्रकका उम्मेदवार डिल्लीराम प्रसाई स्वयमलाई निजको विद्यावारिधि (Ph.D.) सम्पन्न नभएको तथ्य थाहा हुँदाहुँदै विद्यावारिधिको प्रोभिजनल प्रमाणपत्र प्राप्त नगरी निजले बदनियत चिताई विद्यावारिधि वापत ८(आठ) अंक पाउन, गैरकानूनी तवरले ओहदा पाउन, गैरकानूनी लाभ सुविधा प्राप्त गर्ने समेतको उद्देश्यका लागि सह-परीक्षा छनोट समितिमा आवेदन दिएको एक दिन पछि मिति २०८१।०५।२७ गते TRIBHUVAN UNIVERSITY FACULTY OF HUMINITYES & SOCIAL SCIENCE, Office Of the Dean, Kirtipur, Kathmandu बाट प्राप्त **"जो जससंग सम्बन्धित छ"** भन्ने पत्र आवेदनसाथ वदनियतपूर्वक झुट्टा विवरण पेश गरेको।

ग) STATE OF LIVELOHOOD OF TARAI DALIT A STUDY ON THE MUSAHAR COMMUNITY OF BIRATNAGAR METROPOLITAN CITY, … … … Submitted by DILLIRAM PRASAI, Ph.D. Regd.4/2069 उल्लेख गरी निज डिल्लीराम प्रसाईले आवेदनसाथ Dissertation को कभर पेज आवेदनसाथ संलग्न गरेको।

घ) निजले विद्यावारिधि प्राप्त मिति २०८१।१०।२९ भन्दा अघिदेखि विद्यावारिधि गरेको भनी C.V.मा Dr. DiLLI R.PRASAI, Academic Qualifications मा Ph.D. लेखेको देखिएको।

ङ) मिति २०८१।०५।१२ गते प्रदेश योजना आयोग विराटनगर, कोशी प्रदेश र डिग्री क्याम्पस विराटनगरले कोशी प्रदेशको दोस्रो आवधिक योजना तर्जुमाको लागि विषय विज्ञको रुपमा सामाजिक सुधार विषयको लेखन कार्य तथा कार्यक्रम सञ्चालन सफलतापूर्वक सम्पन्न गर्नु भएकोले दिइएको प्रमाणपत्रमा सह प्रा.डा. डिल्लीराम प्रसाई उल्लेख भएको प्रमाण-पत्र आवेदनसाथ संलग्न गरेको तर उक्त प्रमाणपत्रमा डा. डिल्लीराम प्रसाई लेखेको बारेमा छनोट समितिले विश्लेषण र मूल्याङ्न नगरेको।

च) मिति २०७३ माघ १५ र १६ गते (January 28-29, 2017) बंगलादेशमा भएको अन्तराष्ट्रिय सेमिनारमा बिज्ञको रुपमा सहभागी भई प्राप्त गरेको प्रमाणपत्रमा डा. डिल्लीराम प्रसाई लेखेको प्रमाणपत्र आवेदनसाथ संलग्न गरी सह-परीक्षा नियन्त्रक छनोट समितिलाई पेश गरेको तर उक्त प्रमाणपत्रमा डा. डिल्लीराम प्रसाई लेखेको बारेमा छनोट समितिले विश्लेषण र मूल्याङ्न नगरेको।

छ) कार्यालयको बोर्डमा डा. डिल्लीराम प्रसाई लेख्ने गरेको, कार्यालयको क्यालेन्डर र नेम प्लेट समेतमा डा. डिल्लीराम प्रसाई लेख्ने गरेको खुल्न आएको देखिएकोबाट राष्ट्रसेवक निजले आफूसमेतलाई लाभ लिने बदनियत राखी आफूले प्राप्त नै नगरेको विद्यावारिधि पद, चिन्ह, निस्सा पाएँ भनी प्रयोग प्रचलनमा ल्याएको र प्रयोगमा ल्याउन दरखास्त फारामसाथ पेश गरेको तथा प्रयोगमा लगाएको र विद्यावारिधिको नपाएको ओहदा पाएको भनी प्रयोगमा ल्याएको तथ्य स्थापित भएको।

ज) कसैले परीक्षा दिनु र परीक्षा पास गरेको प्रमाणपत्र प्राप्त गरी योग्यता निर्धारण हुनु नित्तान्त फरक अवस्था हुनुपर्नेमा यी कुराको जानकारी हुँदा हुँदै प्रवुद्ध वर्गबाट हुने यस प्रकारका काम स्वयंमा बदनियतपूर्वक भए गरेको देखिनुका साथै प्राज्ञिक क्षेत्रमा काम गर्ने प्रतिवादीहरु बीच एक आपसका यस प्रकारका मिलेमतो एवं काम कारवाही हुनु झनै गंभिर एवं जघन्य बदनियत देखिएको।

झ) छनोट समितिले डिल्लीराम प्रसाईको आधिकारिक विद्यावारिधि गरेको Provisional Certificate खोजी गरेको देखिदैन र निज डिल्लीराम प्रसाईले आवेदन साथ पेश गरेको कागजातहरुलाई आधार मानी मिति २०८१।७।१२ गते सह-परीक्षा नियन्त्रक पदको परीक्षा संचालन गर्दा त्रि.वि. सावधिक पदमा नियुक्तिका आधार र मापदण्ड सम्बन्धी विनियम, २०८१ को परिच्छेद-१६को दफा ३२ को उपदफा (३) मा व्यवस्था रहेको छनोट तथा सिफारिस सम्बन्धी आधार तथा गणनामा उल्लेख भएको ९ वटा आधारहरु मध्ये विद्यावारिधि वापत ८ (आठ) अंक सामुहिक रुपमा प्रदान गरी अन्तिम नामावलीको १(एक) नम्बरमा सिफारिस गरेको कार्यसमेत स्वंयमा वदनियतपूर्ण रहेको।

उक्त सह-परीक्षा नियन्त्रक छनोट समितिका संयोजक प्रा.डा. जया लक्ष्मी प्रधान, सदस्यहरु प्रा.डा. मोतिलाल शर्मा र प्रा.डा. मेघराज पोखेलले त्रिभुवन विश्वविद्यालयमा परीक्षाको परिणाम गणना गरी नियुक्तिको सिफारिस गर्नुपर्नेमा सह-परीक्षा नियन्त्रक पदका आवेदक निज डिल्लीराम प्रसाईसँगको मिलेमतो तथा योजनामा बदनियत राखी **परीक्षाको परिणाम फेरबदल गरी गराई** सह-परीक्षा नियन्त्रक पद ओहोदा, हैसियत, सुविधा प्राप्त गर्ने गरी बदनियतपूर्वक भए गरेका कुरा लुकाई छिपाई वा नभए नगरेका कुरा देखाई सोही झुट्टा विवरणको आधारमा नियुक्तिको लागि **गलत प्रतिवेदन सहित** सिफारिस गरे गराएकोमा सोही गलत प्रतिवेदनको आधारमा

नियुक्ति गरेको तथ्य स्थापित भएकोले उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिमका कसूर भएको हुँदा निज प्रतिवादीहरुलाई देहाय बमोजिमको कसूरमा देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**<u>देहाय</u>**

| सि.नं | नामथर, पद र कार्यालय | कसुर तथा सजायको मागदाबी |
|---|---|---|
| १. | सह-परीक्षा नियन्त्रक छनोट समितका संयोजक **प्रा.डा. जया लक्ष्मी प्रधान,** सदस्यहरु **प्रा.डा. मोतिलाल शर्मा र प्रा.डा.मेघराज पोखेल** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ र दफा १९ को उपदफा (२) बमोजिमको कसूर भएको हुँदा निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ र दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| २. | त्रिभुवन विश्ववाद्यालयका **सह-प्राध्यापक डिल्लीराम प्रसाई** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसूर भएको हुँदा सोही ऐनको दफा १५ बमोजिमको कैद र जरिवाना सजाय हुन साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ र १९ को उपदफा (२) बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी प्रकृतिको लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ र दफा १९ को उपदफा (२) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाँक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल

## त्रिभुवन विश्वविद्यालयबाट सह-परीक्षा नियन्त्रक छनोट गर्दा भएको मुख्य मुख्य घटनाक्रमहरुको विवरण (Fow Chart)

**त्रिभुवन विश्वविद्यालयको टिप्पणी र आदेश**

→ मिति २०८१।०५।११ गते त्रिभुवन विश्वविद्यालयबाट सह-परीक्षा नियन्त्रक छनोट समिति गठनको टिप्पणी र आदेश सदर भएको देखिन्छ।

↓

**सह-परीक्षा नियन्त्रक छनौट समिति गठन**

→ मिति २०८१।०५।११ गते रजिष्ट्रार प्रा.डा. केदार प्रसाद रिजालबाट पद्म कन्या कयाम्पसमा कार्यरत प्रा.डा. जया लक्ष्मी प्रधान, त्रि.वि. रसायन शास्त्र विभागमा कार्यरत प्रा.डा. मोतिलाल शर्मा र प्रा.डा. मेघराज पोखेल रहने गरी तीन सदस्यीय सह-परीक्षा नियन्त्रक छनोट समिति गठन।

↓

**सह-परीक्षा नियन्त्रक छनौट समितिको जिम्मेवारी**

→ परीक्षा नियन्त्रक कार्यालय बल्खुमा २ (दुई) जना र क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालयहरु (जनकपुर, नेपालगंज, पोखरा र विराटनगर) मा ४(चार) जना सह-परीक्षा नियन्त्रकहरु छनोट गरी नियुक्ति लागि सिफारस गर्ने जिम्मेवारी दिइएको देखिन्छ।

↓

**त्रि.वि. सावधिक पदमा नियुक्तिका आधार र मापदण्ड सम्बन्धी विनियम, २०८१ को परिच्छेद-१६को दफा ३२ को उपदफा (३) मा रहेको व्यवस्था**

→ (१) सह-परीक्षा नियन्त्रक पदमा नियुक्तिका लागि सिफारिस गर्ने सम्बन्धी ९ वटा आधार र मापदण्डको व्यवस्थामा कूल पूर्णाङ्क-१०० रहेको देखिन्छ। जसमा एउटा आधार विद्यावारिधि शैक्षिक योग्यता वापत ८ अंक प्रदान गर्ने देखिन्छ।(२) त्रि.वि. सावधिक पदमा नियुक्तिका आधार र मापदण्ड सम्बन्धी विनियम, २०८१ को परिच्छेद-१६को दफा ३२ को उपदफा (३) मा व्यवस्था रहेको छनोट तथा सिफारिस सम्बन्धी आधार तथा गणनामा उल्लेख भएको ३(क) शैक्षिक प्रशासनिक अनुभव -१० पूर्णाङ्क, ३(ख) प्राज्ञिक अनुभव -२० पूर्णाङ्क, ३(ग) विद्यावारिधि -८ पूर्णाङ्क, ३(घ) अनुसन्धान सम्बन्धी अनुभव -१० पूर्णाङ्क, ३(ङ) परीक्षा सम्बन्धी निति नियाम, सूचना तथा संचार सम्बन्धी दक्षता -१० पूर्णाङ्क, ३(च) सूचना प्रविधि सम्बन्धी तालिम -५ पूर्णाङ्क, ३(छ) परीक्षा सम्बन्धी राष्ट्रिय/अन्तर्राष्ट्रिय सभा सम्मेलन सहभागिता तथा कार्य पत्र प्रस्तुती -१० पूर्णाङ्क, ३(ज) विश्वविद्यालयको रणनीतिक योजना लागू गर्ने प्रतिवद्वता-१२ पूर्णाङ्क र ३(झ) अन्तर्वार्ता-१५ पूर्णाङ्क गरी जम्मा १०० पूर्णाङ्क।

गोरखापत्र दैनिकमा प्रकाशित सूचना

सह-परीक्षा नियन्त्रक पदमा दरखास्त अह्वानको लागि गोरखापत्र दैनिकमा मिति २०८१।०५।१७ गते पहिलो पटक ७(सात) दिनको म्याद राखी सूचना प्रकाशन गरिएकोमा मिति २०८१।०५।२२ गते पुनः दोस्रो पटक ७(सात) दिनको म्याद थप गरी सूचना प्रकाशन गरिएको।

सह-परीक्षा नियन्त्रक पदमा दरखास्त पेश

क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय विराटनगरको लागि चाहिने १(एक) जना सह-परीक्षा नियन्त्रकको लागि ६ जना शिक्षकहरुले दरखास्त पेश गरेकोमा मिति २०८१।०५।२६ गते सह-प्राध्यापक डिल्लीराम प्रसाईले पनि आवेदन पेश गरेको देखिन्छ।

डिल्लीराम प्रसाईको C.V. लगायतका कागजात पेश

आवेदनसाथ डिल्लीराम प्रसाईले आफ्नो C.V.मा **Dr. Dilli R Prasai** तथा Academic Qualifications मा पनि **Ph.D.,** बिज्ञको रुपमा राष्ट्रिय अन्तराष्ट्रिय सेमिनारहरुमा सहभागिता जनाएको प्रमाणपत्रहरुमा डा. डिल्लीराम प्रसाई लेखेको प्रमाणपत्रहरु सह-परीक्षा नियन्त्रक छनोट समितिलाई पेश गरेको।

डिल्लीराम प्रसाईले पेश गरेको **"जो जससंग सम्बन्धित छ"** भन्ने पत्र ।

डिल्लीराम प्रसाईले आवेदन दिएको मिति २०८१।०५।२६ को एक दिन पछि अर्थात मिति २०८१।०५।२७ गते त्रि.वि. डीन कार्यालयको **जो जससंग सम्बन्धित छ** भन्ने पत्र पनि छनोट समितिलाई पेश गरेको देखिन्छ । उक्त पत्रको बेहोरामा डिल्लीराम प्रसाईले मिति २०८०।०९।०५ गते विद्यावारिधिको अन्तिम मौखिक परीक्षा (Final Viva Voce) सम्पन्न गरेको देखिन्छ।

सह-परीक्षा नियन्त्रक पदको परीक्षा सञ्चालन

मिति २०८१।०७।१२ गते सह-परीक्षा नियन्त्रक पदको परीक्षा संचालन गर्दा डिल्लीराम प्रसाईलाई शैक्षिक प्रशासनिक अनुभव -१०, प्राज्ञिक अनुभव -२०, विद्यावारिधि -८, अनुसन्धान सम्बन्धी अनुभव -१०, विश्वविद्यालयको रणनीतिक योजना लागू गर्ने प्रतिवद्धता-९ र अन्तर्वार्ता-११ अंक समेत प्रदान गरी कुल प्राप्ताङ्क-६८ (अठसट्ठी) प्रदान गरेको देखिन्छ ।

सह-परीक्षा नियन्त्रक छनोट समितिको अन्तिम नामावली सिफारिस

त्रि.वि. सावधिक पदमा नियुक्तिका आधार र मापदण्ड सम्बन्धी विनियम, २०८१ को परिच्छेद-१६को दफा ३२ को उपदफा (३) मा व्यवस्था रहेको ९ वटा आधारहरुमा प्रतिस्पर्धीहरुले प्राप्त गरेको प्राप्ताङ्क सहितको अन्तिम नामावली सिफारिस।

१. डा. डिल्लीराम प्रसाई, प्राप्त अङ्क -६८
२. डा. गोबिन्द प्रसाद गुरागाई, प्राप्त अङ्क -६३
३. डा. सत्यनारायण साह, प्राप्त अङ्क -६१

डा. डिल्लीराम प्रसाईलाई

सह-परीक्षा नियन्त्रक पदमा नियुक्ति

सह-परीक्षा नियन्त्रक छनोट समितिले अन्तिम नामावलीको १(एक) नम्बरमा सिफारिस गरेकोले त्रि.वि. रजिष्ट्रारको कार्यालयको च.नं. ४८९९, मिति २०८१।०८।१८ गतेको पत्रबाट क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय विराटनगरको लागि सह-परीक्षा नियन्त्रक पदमा मिति २०८१।०८।१९ गतेदेखि लागू हुने गरी डा. डिल्लीराम प्रसाईलाई नियुक्ति गरेको देखिन्छ ।

डिल्लीराम प्रसाईको

सह-परीक्षा नियन्त्रक पदमा नियुक्ति दिएको कानून सम्मत नभएको

डिल्लीराम प्रसाईको सह-परीक्षा नियन्त्रक पदमा भएको नियुक्ति पश्चात बिभिन्न संचार माध्यमहरुमा आलोचनात्मक टिकाटिप्पणी हुन थाले पछि र यस आयोगमा उजुरी परेपछि त्रि.वि.ले प्रा.डा.ध्रुव बहादुर कार्कीको संयोजकत्वमा २०८१।०९।१७ गते ३ (तीन) सदस्यीय गठित छानबिन समितिले मिति २०८१।१०।२१ गते पेश गरेको राय सुझाव सहितको प्रतिवेदनमा निज डिल्लीराम प्रसाईले विद्यावराधी प्राप्त गरेको देखिदैन भन्नेसमेत व्यहोराको राय सहितको प्रतिवेदन दिएको देखिन्छ।

डा. डिल्लीराम प्रसाईको विद्यावारिधिको Provisional Certificate प्राप्ती

त्रि.वि. डीनको कार्यालयबाट कागजातहरु माग गरी हेर्दा डिल्लीराम प्रसाई त्रि.वि. डीन कार्यालयमा शैक्षिक सत्र २०६९।०७० मा Ph.D. मा भर्ना भएको र मिति २०८१।१०।२९ गते मात्र विद्यावारिधिको Provisional Certificate प्राप्त गरेको देखिन्छ।